"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: ०७८/७९
च.नं.

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

मितिः२०७८/०४/१३

**किसान दाजुभाई तथा दिदिबहिनीहरुमा पाँचखाल नगरपालिकाको अनुरोध ।।**

आदरणीय किसान दाजुभाई तथा दिदिबहिनीहरु हाम्रा छिमेकी गाँउपालिका तथा नगरपालिकाहरुमा धान बालीमा पात , डाँठ तथा जरा कुहिएको जस्तो देखिने समस्या देखा परेपछी राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान , राष्ट्रिय बाली रोग अनुसन्धान केन्द्र खुमलटारमा धान बालीको नमुना परिक्षण गर्दा Sheath Blight ( Rhizoctonia solani) रोग लागेको पाईएको छ । पाँचखाल नगरपालिकामा पनि यो रोग देखा पर्ने सम्भावनालाई मध्यनजर गरी रोकथामका निम्न उपायहरु अप्नाउन हुन अनुरोध छ ।

१.पानीको निकासको राम्रो व्यवस्था गर्ने ।
२.हिनासोन वा भ्यालिडामासिन ( Validamycin) २ मिलि लिटर पानीका दरले मिसाई डाँठ तथा जरा भिज्ने गरी ७–१० दिनको फरकमा रोगको प्रकोप हेरी २–३ पटक सम्म सोही मात्रामा विषादी प्रयोग गर्ने ।
३.नाईटोजन मल बढी मात्रामा प्रयोग नगरी फोस्फरस र पोटास मल सिफारीस मात्रा अनुसार प्रयोग गर्ने ।
४.बाक्लो हुनेगरी धानको वेर्ना नरोप्ने ।

माथी उल्लेखित रोगलाई फड्के किराहरुले प्रसारण गर्ने हुँदा धान बालीमा किरा नियन्त्रण गर्न निम्न उपायहरु अपनाउन हुन अनुरोध छ ।

१.ईमिडाक्लोरोपिड १७.८ एस.सि ४ मि.ली,थायोमिथोक्जाम २५% एस.जी ३.२ देखि ३.५ ग्राम,एसिफेट ७५% एस.एल १६ मि.ली वा बुप्रोफेजिन२५%एस.एल २४ मि.ली वा क्लोरोफाईरिफस ५०% ई.सी १६ मि.ली वा इटोफेप्रक्स १०% ई.सी ८ मि.ली प्रतिलिटर पानिमा मिसाएर तल्लो भागमा पर्ने गरी छर्ने ।

थप जानकारीको लागी : पाँचखाल न.पा कृषि शाखामा सम्पर्क गर्ने ।
शाखा प्रमुखः इश्वर प्रसाद अधिकारी – ९८४१६७४४५५
प्रा.सः ज्ञानेन्द्र दाहाल – ९८४१००००८

.....................
इश्वर प्रसाद अधिकारी
कृषि शाखा
अधिकृत छैठौं